
# लेखापरीक्षण प्रतिवेदन

## सारदा नगरपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

CamScanner

# लेखापरीक्षण प्रतिवेदन

## सारदा नगरपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

CamScanner

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-४

च.न.:FAR/2080-81/LOC/3

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

शारदा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,

सल्यान।

हामीले सारदा नगरपालिका, सल्यानको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवदेन (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ४५ लाख ७५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ६ लाख ९० हजार, राष्ट्रपती महिला सशक्तिकरण परियोजनाको रु. २ लाख, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको रु. २ लाख ९८ हजार समेत गरी रु.१३ करोड ६१ लाख ७९ हजार समावेश गरेको छैन।

२.पालिकाको रु.१ अर्ब ५६ करोड ९५ लाख ४६ हजारको लेखापरीक्षण गरिएकोमा रू. ४ करोड ७७ लाख ३० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.५८ लाख ३८ हजारको प्रतिक्रिया बाट फर्स्यौट भई थप रु.१ लाख ९० हजार बेरुजु थप हुँदा रु. ४ करोड २० लाख ८२ हजार बेरुजु कायम भएको छ। उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. १७ लाख

CamScanner

२७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६८ लाख ६२ हजार, नियमित गर्नुपर्ने रु. २ करोड १८ लाख ५१ हजार र पेस्की बाँकी रु.१६ लाख ४१ हजार रहेको छ ।गत वर्षसम्म रु.१८ करोड २६ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२२ करोड ४७ लाख ७१ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने शारदा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक

CamScanner

निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)

नायब महालेखापरीक्षक

CamScanner

## बेरुजु वर्गीकरण

चालु आर्थिक वर्षको

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | पेस्की |
| ८१ | ७७ | ४,७७,३०,७२४ | ० | १३ | ५८,३८,९१५ | १,९०,६०५ | ८१ | ६४ | ४,२०,८२,४१६ | १७,२७,४१६ | २,१८,५१,७२० | १,६८,६२,१३८ | ० | ० | ३,८७,१३,८५६ | | १६,४१,१४१ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १८,२६,८९,००० | ० | ० | १८,२६,८९,००० | ० | ४,२०,८२,४१६ | २२,४७,७१,४१६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ९४ | सेनिटरी प्याड खर्चः | २,२५,८५५ |
| २ | २०८०/८१ | ९२ | विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदानः | २४,००० |
| ३ | २०८०/८१ | ७५ | विद्यालयका लागी जस्तापाता खरिद : | १८,३९,३७२ |
| ४ | २०८०/८१ | ४३ | विद्यार्थीको पोसाक वितरण नभएको : | ५,९६,१६० |
| ५ | २०८०/८१ | ७६ | वडा नं ६ खानेपानी योजना : | ४,८४,४०९ |
| ६ | २०८०/८१ | ४० | बितरण भरपाइ पेस गर्नुपर्नेः | १६,०५० |
| ७ | २०८०/८१ | ६४ | बढी भुक्तानीः | ३,४०० |
| ८ | २०८०/८१ | ५० | दोहोरो सवारी भाडा भुक्तानीः | १९,५०० |
| ९ | २०८०/८१ | ९१ | दिवा खाजा : | १०,२३० |

| | | | | |
|---|---|---|---|---|
| ११ | २०८०/८१ | ७९ | कार्य स्वीकार प्रतिवेदन : | २६,१८,४३९ |
| जम्मा | | | | ५८,३८,९१५ |

CamScanner

## (८०६६०४०३३०० - सारदा नगरपालिका, सल्यान)

# परिचय

**परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत १५ वडा, ७६ सभा सदस्य १९८.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३ हजार ७३० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-**यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।०२ देखि २०८१ ।०९।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको लेखापरीक्षण गरिएको रकमको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,३५,१८९।६३ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

CamScanner

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर | १०१५३ |
| २ | राजस्व दाखिला | ३४७३६.६३ |
| ३ | यातायात भत्ताबापतको दाखिला | ९०३०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

**स्थानीय संचित कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

**वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

CamScanner

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | |
|---|---|---|
| २०८०/४/१देखी २०८१/३/३१ सम्म | | |
| **क्र.सं.** | **विवरण** | **रकम** |
| १ | कर | ११,१३,८१,१८७.१२ |
| २ | अनुदान | ४६,०७,३१,८३०.०७ |
| ३ | अन्य राजस्व | ५२,८१,५३१.८१ |
| ४ | विविध प्राप्ति | २३,६५,७१७.०० |
| **क** | **कुल जम्मा प्राप्ति** | **५७,९७,६०,२६६.००** |
| **१** | **चालु** | **४३,२३,५७,८४९.१७** |
| १.१ | पारिश्रमिक / सुविधा | २३,०२,२४,९६१.३८ |
| १.२ | मालसामान तथा सेवाको उपयोग | १४,८२,८२,४७६.४६ |
| १.३ | सहायता (Subsidy) | ४,४०,१९,७२१.३३ |
| १.४ | सामाजिक सुरक्षा | ५९,५४,१४९.०० |
| १.५ | अन्य खर्च | ३८,७६,५४१.०० |
| **२** | **पूंजीगत** | **१८,६१,२९,९९०.४९** |
| २.१ | भवन तथा संरचना | ३,४८,६३,१७१.४९ |
| २.२ | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३,२५,६९,०८८.०० |
| २.३ | अन्य पूँजीगत खर्च | १५,५५,२६४.०० |
| २.४ | सार्वजनिक निर्माण | ११,६६,४७,४७२.०० |
| २.५ | पूँजीगत सुधार खर्च | ४,९४,९९५.०० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **६१,८४,८७,८३९.६६** |
| ग) | बचत/कमी (ग = क-ख ) | (३,८७,२७,५७३.६६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ६८,३७,८७०.४१ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ) | (३,१८,८९,७०३.२५) |
| **च)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | **६,७२,१९,९१४.८९** |
| **छ)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (छ= ङ+च)** | **३,५३,३०,२११.६४** |

कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त

CamScanner

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिकसुरक्षा तथा संरक्षण | १३७९७२४४८ | १३४५७५६२० | १३४५७५६२० |
| ३३६००१०२३ | गरिबसँगविश्वश्वर कार्यक्रम | ४१५००० | ४१५००० | ४१५००० |
| ३७०००११४३ | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | १५२०००० | ६९०००० | ६९०००० |
| ३४०००१०५३ | राष्ट्रपतिमहिला सशक्तिकरण परियोजना | २००००० | २००००० | २००००० |
| ३५००००११३ | शिक्षाविज्ञान तथा प्रविधि मन्त्रालय | ३०५८२३ | २९८५४१ | २९८५४१ |
| जम्मा | | १४०४१३२७१ | १३६१७९१६१ | १३६१७९१६१ |

**वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३,४५,७५,६२०/-, गरिबसँग विश्वश्वर कार्यक्रमको रु.४,१५,०००/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ६,९०,०००/-, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. २,००,०००/- र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको रु. २,९८,५४१/- समेत गरी रु. १३,६१,७९,१६१/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

**फरक हिसाव :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ६६,६३,९४०/०७, यस वर्षको प्राप्ति रु. १८,७६,६०,३९२/७६, यस वर्षको भुक्तानी रु. १८,०७,१९,०७८/०२ र बाँकी मौज्दात रु. २,७७,३७४/६७ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । एकिकृत आर्थिक विवर र सुत्र अनुसारको वित्तीय प्रतिवेदन बीच फरक देखिएको रकम हिसाब मिलान हुनुपर्दछ ।

| विवरण | गत वर्षकोजिम्मेवारी | यस वर्षकोप्राप्ति (आय) | यस वर्षकोभुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ६७३९३८४५.२३ | ७६७४२०६५८.७६ | ७९९२०६९१७.६८ | ३५६०७५८६.३१ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७४०५७७८५.३० | ५७९७६०२६६.०० | ६१८४८७८३९.६६ | ३५३३०२११.६४ |
| फरक | ६६६३९४०.०७ | १८७६६०३९२.७६ | १८०७१९०७८.०२ | २७७३७४.६७ |

**बैङ्क हिसाव विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।श्रेस्ता भन्दा बैंकमा बढी रहेको रु. २,७७,३७४/६७/- का सम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।

CamScanner

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता (ग १-१) | | | |
| स्थानीय तह बिभाज्य कोष (ग ६-१) | | | |
| चालू खर्च खाता- विजोर वर्ष (ग २-१) | | | |
| पुँजीगत खर्च खाता- विजोर वर्ष (ग २-३) | | | |
| स्थानीय तह सञ्चित कोष खाता (ग ४-१) | २२५५५६३०.८३ | २२५५५६३०.८३ | ०. |
| स्थानीय तह धरौटी खाता (ग ३-१) | ९०५४५४७ | ९०५४५४७ | ०. |
| विविध खर्च खाता (ग२-७) | २३६५६८३.९८ | २३६५६८३.५८ | ०.४ |
| स्थानीय तह विविध कोष खाता (५-१) | | | ०. |
| प्रकोप व्यवस्थापन कोष खाता (ग ७-२) | १३५४३४९.८३ | १३५४३४९.८३ | ०. |
| कर्मचारी कल्याण कोष खाता | | २७७३७५.०७ | २७७३७५.०७ |
| जम्मा | ३५३३०२११.६४ | ३५६०७५८६.३१ | २७७३७४.६७ |

**शसर्त अनुदान फिर्ता :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु. ३,४४,६९,९९१/९३ र प्रदेश सशर्त अनुदानतर्फ रु. ५२,२३०/- खर्च नभई बाँकी रहेकोमा पालिकाले २०८१/३/३१ मा फिर्ता गरेको देखिन्छ ।

| अनुदानप्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | खर्च नभईबाँकी | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त चालु | ३०१०६३५००. | २६७६११४८३.०७ | ३३४५२०१६.९३ | |
| | शसर्त पुँजीगत | १५८००००० | १४७८२०२५. | १०१७९७५. | |
| | विषेश अनुदान | ८३८५८६१. | ८३८५८६१. | ०. | |
| | समपुरक अनुदान | ७३४२९५७. | ७३४२९५७ | ०. | |
| जम्मा | | ३३२५९२३१८. | २९८१२२३२६.०७ | ३४४६९९९१.९३ | ३४४६९९९१.९३ |
| प्रदेश सरकार | शसर्त चालु | ३३०८२८२७. | ३३०८२८२७ | ०. | |
| | शसर्त पुँजीगत | | | ०. | |
| | विषेश अनुदान | २७३८४४०. | २७३८४४० | ०. | |
| | समपुरक अनुदान | ६७२२४६७. | ६६७०२३७ | ५२२३०. | |
| जम्मा | | ४२५४३७३४. | ४२४९१५०४. | ५२२३०. | ५२२३०. |
| कुल जम्मा | | ३७५१३६०५२. | ३४०६१३८३०.०७ | ३४५२२२२१.९३ | ३४५२२२२१.९३ |

CamScanner

**खर्च विश्लेषणः** नगरपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १,५६,३९,०१९/६४ राजस्व बाँडफाँटबाट रु. १०,३३,८९,४१६/२९ र अनुदानबाट रु. ४९,५२,५४,०५२/- समेत रु. ६१,४२,८२,४८७/९३ आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. ४३,२३,५७,८४९/१७ र पूँजिगत तर्फ रु. १८,६१,२९,९९०/४९ समेत रु. ६१,८४,८७,८३९/६६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५३ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. १ करोड ३४ लाख २१ हजार खर्च भएको छ जुन आन्तरिक आयको ८५.८२ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७० प्रतिशत चालु र ३० प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**बजेट पेश पारित र अख्तियारी** :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको उप प्रमुखले मिति २०८०/३/१० मा रु. ७६ करोड ७७ लाख २६ हजारको बजेट सभा समक्ष पेश गरेको र सभाबाट मिति २०८०/३/११ मा पारित भएको जनाएको छ भने पालिकाका प्रमुखले मिति २०८०/४ /१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।ऐनले तोकेको समय भित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी बजेट कार्यान्वयन गरिनु पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) मा स्थानीय तहले सभामा बजेट पेश गर्दा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनु पर्ने व्यवस्था छ । यस पालिकाको २०८० असार ९ र १० गतेको सभाको १३ औं बैठकको माइन्यूट परीक्षण गर्दा सभा सदस्य र आमन्त्रितहरुको उपस्थितीमात्र उठाएको तर कुनै प्रस्ताव समेत पेश गरेको देखिएन । त्यसैगरी उप प्रमुखले पेश गरेको भनिएको बजेट वक्तव्यमा ऐनले तोकेको प्रावधान बमोजिम गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमानको विवरण नखुलाई केवल आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण मात्र पेश गरेको देखिन्छ । पेश भएको नीति तथा कार्यक्रम र बजेटमा कार्यतालिका बनाई सभामा छलफल समेत भएको देखिएन । पेश गरिएको नीति तथा कार्यक्रम र आय व्ययको अनुमान सभाको माइन्यूटमा उल्लेख समेत नगरी केवल प्रमुख प्रशाकीय अधिकृतलाई दिएको अख्तियारीमा मात्र समावेश गरेको देखिन्छ । सोही अख्तियारीका आधारमा आर्थिक वर्ष २०८०/८१ को बजेट पुस्तिका तयार पारी कार्यान्वयन गरिएको छ । नगरपालिकाले बजेट पेश र पारित गर्दा ऐनको दफा ७१ मा भएको व्यवस्थाको पालना गरी सभाको बैठकमा पेश गर्ने, कार्यतालिका बनाई छलफल गर्ने, छलफलबाट प्राप्त सुझाव सहित कार्यपालिकामा पठाउने र परिमार्जन हुने भए कार्यपालिकाबाट परिमार्जन गरी सभामा पेश भएपछी मात्र बजेट पास गर्नु पर्दछ ।

**योजना तथा वजेट कार्यान्वयन** :

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको खरिद कार्य गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १८ करोड ६१ लाख ३० हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ६ करोड २ लाख ७० हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ८.८९ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

CS CamScanner

उल्लेखित अवस्थाका कारण नगरपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

**त्रैमासिक खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगती विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त त्रैमासिक खर्चको विवरण अनुसार कुल पुँजीगत खर्च रु. १८ करोड ६१ लाख ३० हजार मध्ये प्रथम त्रैमासिकमा ०.७ प्रतिशत, दोश्रो त्रैमासिकमा ११.१३ प्रतिशत, तेश्रो त्रैमासिकमा ८.९ प्रतिशत र चौथो त्रैमासिकमा ७९.२७ प्रतिशत खर्च गरेको छ भने असार महिनामा मात्र ६२.३७ प्रतिशत खर्च गरेको छ । कार्यान्वयनमा रहेका सबै योजनाहरुको निर्माण कार्य कार्यतालिका अनुरुप कार्य गराउन नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा हतारमा काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाइ पर्ने भएकोले समयमै निर्माण कार्य गराई खर्च गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ ।

| खर्च विवरण | खर्च (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पुँजीगत खर्च | १८६१३० | १३१२ | २०७१३ | १६५५७ | १४७५४८ | ११६०८९ |
| खर्च प्रतिशत | १०० | ०.७ | ११.१३ | ८.९ | ७९.२७ | ६२.३७ |

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च (प्रतिशतमा) |
|---|---|---|---|
| आर्थिक विकास | २३५२५५०० | १६७२४६२२ | ७१.०९ |
| सामाजिक विकास | ३५४२१३५०० | २८७६१९१७५.०७ | ८१.२ |
| पूर्वाधार विकास | १६००३७०७१ | १३०२१७९७२.४९ | ८१.३७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १९६८६००० | १९२३३३१३ | ९७.७ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २०९९०५९२५ | १६४६९२७५७.१ | ७८.४५ |
| जम्मा | ७६७३६७९९६ | ६१८४८७८३९.६६ | ८०.५९ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ८०.५९ प्रतिशत खर्च भएको छ । क्षेत्रगतरुपमा हेर्दा ७१.०९ देखी ९७.७ प्रतिशतसम्म खर्च भएको छ ।

**योजनाको प्राथमिकीरण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल २६३ योजनामा वजेट विनियोजन गरेको छ।

CamScanner

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका | रु.५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३३ | ५ | २० | ८ |
| २ | वडास्तरीय | २३० | ० | ५ | २२५ |
| जम्मा | | २६३ | ५ | २५ | २३३ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । स्वीकृत योजना मध्ये १९ योजना कार्यान्वियन नभई बाँकी रहेको देखिन्छ । समयमा खरिद कारवाही नहुनु र बजेट अनिश्चितता तथा तोकिएको समय तालिका अनुसार बजेट निकासा नभएका कारण उक्त योजनाहरु कार्यान्वियन नभएको कार्यालयको भनाई रहेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

**बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिंदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**चौमासिक प्रतिवेदन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

**सार्वजनिक सम्पत्तिको रेखदेख:**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner